# नेपाल

# २०१७ सालको परिवर्तन किन

# र

# अब के गर्नु पर्‍यो ?

( सारांशमा )

# श्री ५ महाराजाधिराज सरकारबाट बक्सेका निर्देशनहरू

भाद्र १५, २०२१ साल

(मन्त्रिपरिषद्को विशेष बैठकमा)

राजदरबार,
काठमाडौं ।
२०२१।५।१५।१.

**नेपालः २०१७ सालको परिवर्तन किन र अब के गर्नु पर्‍यो ? (सारांशमा)**

# वर्तमान दलविहीन पंचायती व्यवस्थामा आवश्यक शक्ति निहित छ र नेपाली जनतामा आवश्यक क्षमता छ

२०१७ सालको परिवर्तन किन ?

वर्तमान विश्वमा परिवर्तन द्रुततर गतिले हुँदैछ तसर्थ यस गतिसित पाइलो चाल्न सकेन भने नेपालले आपनो स्वतन्त्रता तथा अस्तित्त्व जोगाउन समर्थ

हुनेछैन । यसका निमित्त, नेपालले दुइ शताब्दीको प्रगति दश बीस वर्षभित्रै हासिल गर्नु परेको छ ।

त्यत्ति मात्र नभई २०१७ साल-पौष १ गतेको परिवर्तन देहायका कारणले पनि अनिवार्य थियो:–

दलगत स्वार्थले गर्दा देशमा—

क. राजनैतिक अस्थिरता भयो ।

ख. आर्थिक उन्नति हुन सकेन ।

ग. सामाजिक स्थिति धमिलिन थाल्यो।

घ. गूटबन्दी र पक्षपात बढ्यो ।

ङ. देशविकासको बदला आपसी तानातानी हुन थाल्यो ।

च. गरीब तथा अशिक्षित जनता जानेर त्यसबाट आफ्ना गूटको निमित्त फाइदा उठाइन थालियो ।

छ. व्यावहारिकतालाई बिर्सेर मुट्ठीभर व्यक्तिले आफ्नो स्वार्थ पूर्ति गर्न थाले ।

ज. देशको शान्ति र सुरक्षामा खलबली हुँदा सर्वसाधारण जनताले अनावश्यक यातना सहनु पर्‍यो ।

झ. बिस्तारै बिस्तारै परम्परा र वास्तविकतालाई बिर्सेर कृत्रिम व्यवस्थाको सृजना हुन थाल्यो ।

ञ. र अन्त्यमा पश्चिमी संसदीय व्यवस्था असल हुँदा हुँदै पनि उक्त पद्धति ज्यादै खर्चिलो व्यवस्था भएकोले त्यसको पूर्तिको निमित्त राजनैतिक दलले कसैको आश्रय बेगर खर्च पूर्ति गर्न नसक्ता स्वभावतः अर्काको भर पर्नु पर्‍यो, र त्यति मात्र नभई आफ्नो गूटको मात्र हितमा ध्यान दिन थाल्दा दुर्भाग्यवश आपनो देश बिर्सन थाले, त्यसैले गर्दा देशविकास, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमसत्तामा समेत धक्का पर्न थाली

देशको अस्तित्त्व नै मेटिने संभावना भयो ।

२०१७ साल पछि हाम्रो उद्देश्य

तसर्थ, नेपाली जनताको आकांक्षाको पूर्ति गर्न २०१७ सालमा नयाँ क्रान्तिको आवश्यकता भयो । हाम्रो उद्देश्य, परम्परागत नेपाली समाजलाई सकभर छोटो अवधिमा र कुनै पनि हिंसाको मार्ग नअपनाई आधुनिक समाजमा परिणत गर्नु थियो र साथै अहिलेसम्म उपयोग नगरिएको विशाल ग्रामीण जनशक्तिको समन्वयपूर्ण एवं चौतर्फी उपयोग गरी, देशको अधिकतम सामाजिक, आर्थिक एवं राजनैतिक उन्नतिका निमित्त देशको अविकसित अवस्थामाथि एक व्यापक र सुनियोजित हमला गर्नु थियो ।

त्यति मात्र नभई २०१७ पौष १ गतेको परिवर्तनले देहायको उद्देश्य लिएर आयो:—

१. दलविहीन, आध्यात्मिक, पञ्चायती प्रजातान्त्रिक व्यवस्था कायम गरी देशमा राजनैतिक स्थिरता कायम गर्नु ।

२. देशको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रियता, एकता तथा व्यक्तिगत स्वतन्त्रता कायम गरी समयानुकूल देशविकास गर्नु ।

३. तटस्थ असंलग्न परराष्ट्र नीतिद्वारा सबै राष्ट्रसंग मित्रता कायम गरी देश र समाजको सामूहिक हित र विकास गर्नु ।

४. ग्रामीण तहदेखि शोषणरहित समाजको सृजना गरी औद्योगिकरणद्वारा सामूहिक आर्थिक विकास गर्नु ।

५. देशहितलाई ध्यानमा राखी याता-

यातको बढी सुविधाको साथै पूर्व–पश्चिम राजमार्गको निर्माण गर्नु ।

६. यथाशक्य अन्याय, घूसखोरी, भ्रष्टाचार तथा पक्षपातरहित प्रशासनको सृजना गर्नु ।

७. भूमि व्यवस्थामा रुढीवादी प्रथाको अन्त गरी सामूहिक हितलाई ध्यानमा राखेर, जन आकांक्षाको कदर गर्दै जनसहयोगको आधारमा भ्याएसम्मको सहूलियत र सुविधाले यथाशक्य छोटो अवधिमा वैज्ञानिक ढङ्गले भूमि सुधार गरी कृषि उत्पादन बढाउनु ।

८. यथाशक्य जनस्वास्थ्यको विचार पुऱ्याएर नेपालीमात्रलाई बढी शिक्षित र स्वावलम्बी बनाउनु ।

९. प्रशासन शक्तिको सुहाउँदो विकेन्द्रीकरण गर्दै लैजानु ।

१०. यथाशक्य छिटो नेपाल र नेपाली-

लाई आधुनिक वैज्ञानिक संसारको दाँजोमा पुऱ्याउन राजनैतिक, आर्थिक र सामाजिक सुधारको साथै देशविकासमा बढी जोड दिनु ।

२०२१ साल भाद्र सम्मको हाम्रो उपलब्धि

करीब ४३ महीनाको छोटो अवधिभित्र मेरो सरकारले प्रशस्त मात्रामा उपलब्धि हासिल नगरेको होइनः—

१. तटस्थ असंलग्न परराष्ट्र नीतिमा ।
२. नेपालीत्त्व, राष्ट्रियता तथा एकतामा ।
३. नेपाली कला, संस्कृति र साहित्यमा ।
४. शिक्षा नीति र प्रचार तथा प्रसारमा ।
५. औद्योगिकरण र विभिन्न देश विकास कार्यमा ।
६. दलविहीन पञ्चायती प्रजातान्त्रिक व्यवस्थाको जग बसाल्नमा इत्यादि ।

त्यसैले यस छोटो अवधिमा नेपाल र नेपालीले देहायका कुरामा यथेष्ट लाभ प्राप्त गरे भन्न पाउँदा हर्ष लागेको पनि छ —

१. नेपाली मात्रले आफ्नो देश भन्ने र लोकसम्मतिको कदर बुझ्न थाले।

२. जनतामा राष्ट्रियता र एकताको बढी बोध भयो।

३. नेपाली मात्रले बढी आफ्नो खुट्टामा उभिन थाले।

४. नेपालीमात्रले शक्ति वा गुटबन्दी-बाट मुक्त भई व्यक्तिगत विकास गर्ने मौका पाए।

५. अन्त्यमा नेपाली बच्चा बच्चाले मेरो देश भन्न पाए र नेपालीमात्रले छाती फुकाई स्वतन्त्र नेपालको नागरिक बन्न सके। इत्यादि।

अब,हामी कसरी अगाडि बढ्ने ?

यति हुँदा हुँदै पनि हामी नेपाली कसैले पनि अझै सन्तोष मानी अल्छी गर्ने बेला छैन र हामी सबैले अझै इमान्दारीपूर्वक बढी मेहनत गर्न पछि पर्नु हुँदैन । आज हाम्रो अनुभवले हामीलाई यो कुरा सिकायो कि आधुनिकरण प्रारम्भ गर्नाको साथै समस्याहरू पनि झन् झन् जटिल नभई रहँदैनन् । त्यसै निमित्त परम्परागत प्रशासकीय व्यवस्था समयको हाँकको सामना गर्न अपर्याप्त हुन जान्छ । तसर्थ आजको परिस्थितिको अत्यावश्यक माग, स्वभावतः प्रत्येक पाइलोमा क्रान्तिकारी दृष्टिकोण राख्नु पर्ने हुन आएको छ । त्यस निमित्त, पुरानो सामन्ती एवं नोकरशाही मनोवृत्तिको जरो काट्न तथा छिटो निर्णय र शीघ्र कारवाईलाई प्रोत्साहित गर्न , श्री ५ को सरकारका तिनै अङ्ग कार्यपालिका, न्यायपालिका एवं व्यवस्था-

पिकाले अविकसित अवस्था, गरिबी, अज्ञान, रोग, यातायात र सञ्चारको कमी, भूमि समस्या, अन्याय र भ्रष्टाचार जस्ता कुरामाथि पूर्ण जनशक्तिको उपयोग गरी तथा दृढ निश्चयका साथ एक प्रकारको युद्ध घोषणा गर्नु पर्ने समय आइसकेको छ ।

हाम्रो लक्ष्यप्राप्तिका निमित्त——

क. दलविहीन पञ्चायती व्यवस्थाका निमित्त देशभरि कार्यकर्ताहरूको संगठन खडा गर्नु पर्छ ।

ख. उच्चकोटीको विचार र मस्तिष्क भएकालाई काममा लगाउन सक्नु पर्छ र उनीहरूलाई उचित र आवश्यक उत्साह दिनु पर्दछ ।

ग. मन्त्री, सचिव र अन्य सरकारी कर्मचारीहरूले योजनाहरू बनाउने काम मात्र नगरी वास्तविक उपलब्धिहरूको जाँच गर्नु पर्दछ ।

घ. टाढा टाढा पर्ने अपठेरो इलाकाहरू-
मा समेत बराबर आकस्मिक भ्रमण
गर्नु पर्दछ ।

ङ. राम्रो काम गरेकोमा तत्कालै कदर
गर्ने र ढिला सुस्ती गर्ने, नोक्सान गर्ने
र अयोग्यता देखाउने माथि तत्कालै
कारवाई हुनु पर्दछ ।

च. कर्त्तव्य र उत्तरदायित्त्वको स्पष्ट
व्याख्याका साथ अधिकारको सुहा-
उँदो विकेन्द्रीकरण हुनु पर्दछ ।

छ. सकभर बढी पारस्परिक सहयोगका
साथ प्रत्येक स्तरमा परिवर्तन हुनु
पर्दछ, र

ज. पञ्चायतका स्थानीय निर्वाचित
सदस्यहरूलाई उनीहरूले राष्ट्रिय
विकास कार्यमा आफ्नो योगदान
दिन सक्ने किसिमसंग उचित
सम्मान दिइनु पर्छ र साथै वर्गीय
संगठनहरूबाट पनि अनुशासित

ढङ्गले विभिन्न फाइदा लिन सक्नु पर्दछ ।

तसर्थ, आफ्नो उत्तरदायित्व वहन गर, माथि भनिए बमोजिमको भावना लिएर काम गर तथा राष्ट्रिय लक्ष्य प्राप्त गर, तर त्यसो गर्दा सदैव यी कुराहरू ध्यानमा राख:—

१. गर्नु पर्ने कुराको निमित्त तत्पर बन ।
२. प्रगति, समस्या र असफलताको चार्ट र नक्शा बनाऊ ।
३. कुन अवधिमा कति काम गर्ने लक्ष्य छ, सो समयमा पूरा भयो भएन, कति पूरा भयो, त्यसमा बढी ध्यान देऊ, पैसाको निकासा र खर्चमा मात्र होइन ।
४. निरर्थक आर्थिक नियम मानिने वादविवाद बन्द गर ।
५. प्रगति, समस्या र असफलताको चार्ट प्रत्येक हप्ता मन्त्रिपरिषद्मा वा

सम्बन्धित मन्त्रीका समक्ष, प्रत्येक विभागीय प्रमुखलाई राख्न लगाऊ, तर यस कुरामा ध्यान देऊ कि चार्टमा देखाइएका प्रत्येक समस्या र असफलताहरूको समाधान पनि विभागीय प्रमुखले प्रस्तुत गरिएको होस् ।

६. महत्त्वपूर्ण व्यक्तिहरूका समक्ष महत्त्वका कुरा निर्धक्क भई भन ।

७. खुला दिलले, तत्कालै र समय भित्रै कार्य गर ।

८. यसो गरिने छ भन्ने होइन, यसो र यति गरिएको छ, भन्ने कुरामा दृष्टि पुन्याऊ ।

९. वास्तविकता र वास्तविक फल माथि जोड देऊ ।

१०. सदैव राष्ट्रिय हितलाई निजी स्वार्थ भन्दा माथि राख ।

११. मौकामा बुद्धि पुन्याई छिटो निर्णय

लेऊ, पूरा उत्तरदायित्वका साथ निर्णयमा के प्रगति भएको छ बराबर खोजिनीति गरी राख र हप्ता दिन भित्रमा जे गर्नु पर्ने कारवाई गरिहाल ।

१२. विकासमा बढ्ता गति ल्याऊ र सार्थक समन्वय प्राप्त गर ।

१३. नैतिक, बौद्धिक र आध्यात्मिक दृष्टिले उचित देखिने आलोचना र सुझावहरूलाई प्रोत्साहित गर र साथै इमान्दारीपूर्वक गरिएको छिटो कारवाईलाई पनि ।

१४. अधिकारको उचित विकेन्द्रीकरण हुनै पर्दछ ।

*Royal Palace,*
*Kathmandu.*
**August 30, 1964.**

# *Notes On:-*

**NEPAL:** Why The Change of 1960 and What Should Be Done Now ?

## THE PARTY-LESS PANCHAYAT SYSTEM HAS THE POTENTIAL AND THE NEPALESE PEOPLE HAVE THE CAPACITY.

**Why change in 1960 ?**

The present-day world is changing at an ever-accelerating rate and Nepal cannot retain her independent entity without keep-

ing pace with it. For this, Nepal must telescope two centuries of progress within a decade or so.

**Not only that, the change of 1960 was inevitable because of the following reasons as well:**

**As a result of the predominance of party interests in the country,**

a. there was political instability;
b. economic progress legged behind;
c. a pessimistic outlook prevailed in the society;
d. groupism and partiality became rampant;
e. mutual leg-pulling took the place of national development;
f. the poverty and ignorance of the people were exploited to further party interests;
g. forgetful of the real interests of the nation, a handful of people busied themselves with

advancing their narrow self-interest;

h. people had to suffer on account of failures in maintaining law and order;

i. slowly but steadily, healthy traditions and realities were forgotten and an artificial and unrealistic system was encouraged and;

j. at length, despite the inherent goodness of the western parliamentary system, it had to be discarded because of its expensiveness for the political parties, which made it impossible for them to meet their expenses without external financial support and thus naturally made them dependent upon others. Not only that, their party interests alone absorbing their attention, the

vital interests of the nation were forgotten and national development, nationalism, national unity, independence and sovereignty were endangered and even the very existence of the country was threatened.

**Our objectives after 1960.**

In order, therefore, to meet the rising expectations of the people of Nepal , a revolution in approach and attitudes became absolutely necessary in 1960. Our objective was and is to modernize the traditional Nepalese society in the shortest possible time without resort to violence and by properly mobilizing the hitherto untapped enormous resources of the rural people in an all-out and properly co-ordinated effort, a thoroughly planned attack upon the under developed situation of the country for her maximum

social, economic and political advancement.

**In addition to the above, the change of December 15, 1960 had the following objectives:—**

1. To establish stable political conditions through the medium of the party-less, democratic Panchayat System based on a regard for spiritual values;
2. To achieve the development of the country in consonance with the demands of the times, by safeguarding the independence, sovereignty, nationality and unity of the country as well as individual liberty;
3. To ensure the welfare of the community and the development of the Nation by maintaining friendly relations with all Nations through the pur-

suit of a neutral and non-aligned foreign policy;

4. To achieve economic growth by means of industrialization of the country by creating a society free from exploitation, from the village level upward;
5. To provide better transport and communication facilities and to complete the construction of the East-West Highway, for the good of the country;
6. To rid the Administration of the evils of injustice, bribery, corruption and partiality as far as possible;
7. To increase agricultural productivity in the best interests of the country by uprooting the feudal system of land tenure, and by introducing land reforms in a scientific manner

in the shortest possible time, and in consonance with popular will and through popular support;

8. To make the Nepalese people more educated and self-supporting with all possible provisions for public health;

9. To ensure suitable and progressive decentralization of administrative authority; and

10. To lay greater emphasis on rapid political, economic and social reforms and progress of the country with a view to uplifting Nepal and the Nepalese people to the level of the modern and scientifically developed nations of the world.

**Our achievements till August 1964.**

**In this short period of about forty-three months, my government has to its credit a record of achievements in the following fields:**

1. Neutral and non-aligned foreign policy;
2. Nepalese national unity and solidarity;
3. Nepalese Art, Culture and Literature;
4. Educational policy and publicity and broadcasting;
5. Industrialization and various development works; and
6. Laying a storng foundation for the party-less, democratic system of Panchayats, etc.

**I am also happy to be able to report sufficient gains achieved by Nepal and the Nepalese people in the following spheres:**

1 The Nepalese began to understand and appreciate the value

and importance of their Motherland and public opinion;

2. The people had a better understanding of the values of national unity and national solidarity;
3. The Nepalese nation has begun to stand on its own legs;
4. Freed from the shackles of power politics and groupism, all the Nepalese people obtained an opportunity for greater individual progress; and in the end,
5. Every Nepalese child has had the satisfaction and pride of being an important member and citizen of an independent and Sovereign country etc.

**Now, how we have to go forward:**

All the same, this is not a time when we can afford to waste our time in laziness. On the other hand, we have all to work more,

and strive harder and move honestly. Experience has taught us to-day that as modernization begins, problems also become more and more complex. This is why the traditional bureaucratic machinery becomes inadequate to meet the challenge of the times. The urgency of to-day's situation, therefore, naturally calls for a revolutionary attitude at every step. Hence, to break the hold of the obsolete feudalistic-cum-bureaucratic mentality and to inspire and encourage prompt decisions and quick actions, it is high time that His Majesty's Government's Executive, Judiciary and Legislature seriously consider a declaration of war against under-development, poverty, ignorance, disease, lack of communications, land problems, injustice and corruption,

with total mobilization and invincible determination.

**In order to reach our goal——**

a. We must have a new cadre of workers for the party-less Panchayat System, spread over the whole country;

b. We must recruit first-class minds and brains and provide them with proper and adequate incentives;

c. Ministers, Secretaries and other Government staff must become a "task force" to check on actual results and not merely to prepare paper plans;

d. Surprise visits must be paid to remote and difficult areas from time to time;

e. Immediate recognition to excellence and immediate punishment to laxness, waste and

inefficiency must be given then and there;

f. Authority must be decentralized appropriately with a clear definition of powers and responsibilities;

g. Change must take place at all levels with maximum possible mutual co-operation; and

h. Locally elected members of the Panchayats must be given due prestige to enable them to contribute their share in the task of national development and, in the same way, greater use must be made of the Class Organizations in a disciplined manner for the greater good of everybody.

HENCE

**Accept your responsibilities, act in the spirit indicated above and accomplish the national task, ever bearing in mind the following points:**

1. Be up and doing in your duties;

2. Prepare graphic charts and maps of progress, problems or failures;
3. Set targets in terms of time, and measure accomplishment, **not money;**
4. Prevent irrelevant fiscal battles;
5. Require every departmental head to present his graphic chart of progress, problems or failures each week personally to the Cabinet or the concerned Minister, but see to it that for every problem or failure listed in the chart the departmental head proposes alternative solution or solutions as well;
6. Present key facts to the key people without hesitation;
7. Act promptly and timely with open hearts;

8. Watch performances, not promises;
9. Emphasize realities and actual results;
10. Subordinate personal interests to national interests;
11. Decide quickly and wisely and follow it up regularly with a full sense of responsibility and take action within a week;
12. Speed up development and achieve effective co-ordination;
13. Encourage comments and suggestions judged reasonable morally, intellectually and spiritually; and also swift actions honestly taken to;
14. Authority must be decentralised appropriately.

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, काठमाडौं, नेपाल ।

मुद्रकः— श्री ५ को सरकारको छापाखाना,
काठमाडौं नेपाल ।